नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सर्लाही

०४६ : ५२०१०५
५२०१०६
५२०१७७
५२०१७४ फ्याक्स
इमेल -dao.sarlahi@gmail.com

प. सं. ०७७/७८ (प्र.) च. नं.

मितिः-२०७७/१२/२२

विषयः- रसायन आवश्यक सम्बन्धमा।

श्री स्थानीय तह सबै, सर्लाही।

श्री उद्योग वाणिज्य संघ, सबै,
सर्लाही।

श्री चिनी उद्योगहरु सबै, सर्लाही।

प्रस्तुत विषयमा गृह मन्त्रालय, लागु औषध नियन्त्रण शाखाको च.नं. ६९० मिति २०७७/१२/२२ गतेको प्राप्त जरुरी सूचनाको छायाँकपी यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। सम्पूर्ण व्यहोरा सोही सूचनावाट अवगत गरी तहाँ कार्यालयको सूचना पाटीमा समेत टाँस गर्नु हुन तथा उद्योगी/व्यवसायीलाई वार्षिक स्कीम अनुसार के कति परिमाणमा के कस्तो रसायन आवश्यक पर्दछ संलग्न ढाँचा वमोजिम भर्न लगाई ७ भित्र दिन यस कार्यालयमा पठाउन आवश्यक व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ।

बोधार्थः
श्री गृह मन्त्रालय, लागु औषध नियन्त्रण शाखा,
सिंहदरवार, काठमाडौं।

भुमिश्वर पोखेल
सहायक प्रमुख जिल्ला अधिकारी

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"

Scanned with CamScanner

जिल्ला प्रशासन कार्यालय सल्...
दर्ता नं. ३३२९
मिति:- २०७७/१२/२८

नेपाल सरकार

# गृह मन्त्रालय

(लागू औषध नियन्त्रण शाखा)

फोन नं. ०१-४२११२२२
०१-४२११२८४
फ्याक्स ०१-४२११२८३
ई-मेल: drug@moha.gov.np
Website:www.drugportal.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति: २०७७/१२/२२

पत्र संख्या:- ०७७/७८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ६६०

श्री ...
...

## जरुरी सूचना

तेजाब तथा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपसार, बिक्रि वितरण, प्रयोग तथा त्यस्तो पदार्थको विसर्जन गर्ने कार्यलाई नियमन गर्न मिति २०७७/६/१२ गते तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७७ तथा मिति २०७७/१२/१६ गते नेपाल सरकारबाट तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०७७ स्वीकृत भई कार्यान्वयनमा आई सकेको छ।ऐ अध्यादेशको दफा (५) मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास प्रकारका उद्योगमा प्रयोग हुने खास किसिमका तेजाब वा अन्य घातक रासायनिक पदार्थ औद्योगिक प्रयोजनका लागि आवश्यक पर्ने परिमाण सम्मको लागि सम्वन्धित उद्योगलाई मात्र अनुमतिपत्र दिन सकिने भन्ने व्यवस्था रहेको छ। त्यसैगरी नियमावलीको नियम ५(२) मा प्रचलित कानून बमोजिम दर्ता भएको वा इजाजत प्राप्त गरेको कुनै उद्योगलाई औद्योगिक प्रयोजनको लागि तेजाब वा अन्य घातक रासायनिक पदार्थ आवश्यक पर्ने भएमा अध्यादेशको दफा १४ को उपदफा ४ बमोजिम पूर्व स्वीकृतिका लागि अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ भन्ने व्यवस्था रहेकोले औद्योगिक प्रयोजनका लागि आ-आफ्नो उद्योगमा वार्षिक स्कीम अनुसार के कति परिमाणमा के कस्तो रसायन आवश्यक पर्दछ सो को निम्नानुसारको स्पष्ट विवरण ७ दिनभित्र यस शाखामा आइपुग्ने गरी पेश गर्नुहुन सबैलाई सूचित गरिन्छ।

उद्योगको नाम:

| क्र.सं. | आवश्यक पर्ने रासायनिक पदार्थको नाम | रसायन संकेत | आवश्यक पर्ने वार्षिक परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

श्री प्रमुख ... उद्योगहरूमा पत्राचार गर्ने

Scanned with CamScanner